**Kirat Rai Yayokkha**
UK-2004
*An indigenous ethnic group of Nepal.*

मिति : १९ जुन २०२२

सेवा, नमस्कार !

किरात राई यायोक्खा बेलायतले आयोजना गरेको यस पत्रकार सम्मेलनमा संस्थाको तर्फबाट उपस्थित उपाध्यक्ष तथा कार्यक्रम संयोजक रि.क्या. श्री सुमनचन्द्र राई लगायत संस्थाका सम्पूर्ण पदाधिकारीहरु र खासगरी, हाम्रो आमन्त्रणलाई स्वीकार गरेर यस पत्रकार सम्मेलनमा उपस्थित हुनु भएको विभिन्न संचार क्षेत्रका सम्पूर्ण पत्रकार ज्युहरुलाई धन्यबाद सहित हार्दिक स्वागत गर्दछौं ।

किरात राई यायोक्खा बेलायतले आउँदो मिति २४ जुलाई २०२२ को दिन, लाईभ ब्याण्ड सहित **राजेश पायल राई एकल साँझ** नामक एक भब्य सांगीतिक कार्यक्रमको आयोजना गर्न गैरहेको छ। यस कार्यक्रम आयोजना अल्डरशट स्थित एम्पायर हल (हाई स्ट्रीट अल्डरशट GU11 1DJ) मा सम्पन्न हुन गैरहेको छ। यसै कार्यक्रमका विच **राई इज किङ्ग** का नामले प्रख्यात गायक राजेश पायल राईलाई किराया बेलायत संस्थाले सम्मान गर्ने कार्यक्रम पनि रहेको छ।

एकल साँझ कार्यक्रमका मुख्य आकर्षण रहनु भएको प्रख्यात गायक राजेश पायल राई ज्युलाई हामीले चिनाई रहनु आवस्यक छैन। विगत लामो समय देखि नेपाली सांगीतिक आकासमा एकछत्र राज गरिरहनु भएका **राई इज किङ्ग (राजेश पायल राई)** संसारभरका नेपालीहरु माझ प्रख्यात नाम हो। यति शिखर ब्यक्तित्व हाम्रै किरात राई समुदायको सदस्य हुनु गर्वको कुरा हो भने यसैकारण हामीलाई वहाँ समक्ष कार्यक्रम गरौ है भनेर प्रस्ताव राख्न सजिलो भएको छ। तर यति अग्लो ब्यक्तित्वलाई सम्मान दिन पो सकिदैन कि भन्ने डर पनि हामीलाई छ।

राजेश पायल राई एकल साँझ कार्यक्रमलाई भब्य र जीवन्त बनाउन हामीले लाईभ ब्याण्ड समावेस गरेका छौ। प्रत्यक्ष ब्याण्डका लागि हामीले बेलायतका उत्कृष्ट वाद्यबादकहरु छनौट गरेका छौं। लगातार करिव साँढे दुई घण्टा सम्म संचालन हुने एकल साँझ कार्यक्रममा, प्रख्यात गायक राई ईज किङ्ग का २०-२५ वटा चर्चित तथा सदाबहार गीतहरु प्रस्तुत हुनेछन ।

करिव एक हजार श्रोता तथा दर्शक अट्न सक्ने क्षमता रहेको एम्पायर हलमा, ख्याति प्राप्त गायकको आफ्नै फ्यान, लगायत मनोरन्जन लिने र गीत संगीतमा रुचि भएका सबै उमेर समुहका दर्शक तथा श्रोताहरुलाई आकर्षित गर्ने लक्ष्य हामीले लिएका छौ । जसमा किरात राई समुदायभित्र मात्र सिमित नरही, गैर किरात राई श्रोता तथा दर्शकहरुलाई पनि उक्त एकल साँझ कार्यक्रममा उपस्थित गराउने तर्फ विशेष प्राथमिकता दिईने अयोजकको योजना रहेको छ। जसको लागि बेलायतमा क्रियासिल विभिन्न संघ संस्था तथा नेपाली समाजका प्रतिष्ठित ब्यक्तिहरुलाई निमन्त्रणा सहित पत्राचार गरिसकिएको छ।

राई ईज किङ्ग राजेश पायल राई एकल साँझ कार्यक्रमको अफिसियल मिडिया पार्टनर **वी नेपाली डट कम, नेपाली लिंङ्ग, शीतल पाटी, लण्डन नेपाल न्युज, गोर्खा मेडिया, सिलौटी टाईम्स आदि रहनु भएको छ।** भने यस कार्यक्रमको प्रायोजन बेलायतका विभिन्न कम्पनी, ब्यावसायी तथा ब्यक्तिहरुले गर्नु भएकोछ।

कार्यक्रमबाट संकलित रकम, कला तथा कलाकारको सम्मान गर्ने, किरात राई समुदायको भलाई, परोपकार तथा कल्याणको कार्यमा थप गति प्रदान गर्ने आदि कार्यमा खर्च हुनेछ।

धन्यवाद !

रि. क्या सुमनचन्द्र राई
उपाध्यक्ष, किराया बेलायत/कार्यक्रम संयोजक



*किरात राई यायोक्खा बेलायत केन्द्रीय कार्यसमिति*
www.kryuk.org
E-mail: kiraya.uk@gmail.com
Gambles Lane Ripley Woking GU23 6HS